# मंगलसेन नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
### मंगलसेन,अछाम
## नव युवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२

**प्रस्तावना**

मंगलसेन नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने युवाहरूलाई आत्मनिर्भर बनाउने, स्वरोजगार सिर्जना गर्ने तथा कृषि तथा पशुपालन क्षेत्रमा उद्यमशीलता विकास गर्ने उद्देश्यले नव युवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्न यो कार्यविधि तयार गरिएको छ।

परिच्छेद–१
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

(१)यस कार्यविधिको नाम' नव युवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०८२' रहनेछ।

(२)यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ।

२. परिभाषाः

(क) 'नगरपालिका' भन्नाले मंगलसेन नगरपालिका सम्झनु पर्दछ।

(ख) 'कार्यक्रम' भन्नाले नव युवा लक्षित मागमा आधारित अनुदान कार्यक्रम सम्झनु पर्दछ।

(ग) 'अनुदान' भन्नाले यस कार्यविधि बमोजिम प्रदान गरिने आर्थिक सहयोग सम्झनु पर्दछ।

३. उद्देश्यः

(१) युवामा स्वरोजगार सिर्जना गर्ने।

(२) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन गर्ने।

(३) स्थानीय उत्पादन वृद्धि गर्ने।

(४) वैदेशिक रोजगारीको विकल्प सिर्जना गर्ने।

परिच्छेद–२
कार्यक्रम सञ्चालन प्रक्रिया

४. कार्यक्रम क्षेत्रः

कुखुरापालन, बाखापालन, गाई/भैंसीपालन, माछापालन, बंगुरपालन, मासु पसल र अन्य पशुपंछी तथा पशुपंछी जन्य उत्पादनमा आधारित उद्यम।

२०८२।१२।२०
पदम बहादुर बोहरा
नगर प्रमुख

**५. लक्षित समूहः**

१८-४० वर्ष उमेर समूहका स्थायी बासिन्दा युवा ।

**प्राथमिकताः**

- बेरोजगार युवा
- वैदेशिक रोजगारीबाट फर्केका युवा
- महिला, दलित, विपन्न तथा सीमान्तकृत समुदाय
- कृषि/पशुपालन सम्बन्धी तालिम लिएका व्यक्ति

**६. अनुदान सीमाः**

(१) प्रति युवा अधिकतम रु ५००००।- (पचास हजार) अनुदान उपलब्ध गराइनेछ।

(२) अनुदान लागत साझेदारी आधारमा हुनेछ।

- कम्तीमा ५०% स्वलगानी अनिवार्य हुनेछ साथै प्रविधि हस्तान्त्रको हकमा कार्यालयले ८०% सम्म अनुदान उपलब्ध गराउनेछ ।

(३) समूहगत प्रस्तावमा प्रति सदस्य अधिकतम ५०,००० सम्म प्रदान गर्न सकिनेछ।

(४) रकम एकमुष्ट उपलब्ध गराइने।

**७. आवेदन प्रक्रियाः**

- नगरपालिकाबाट सार्वजनिक सूचना प्रकाशन गरिनेछ।
- इच्छुक युवाहरुले अनुसूची-१ बमोजिम आवेदन दिनुपर्नेछ।
- आवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछः
  - नागरिकता प्रमाणपत्रको प्रतिलिपि
  - स्थायी बसोबास प्रमाण
  - परियोजना प्रस्ताव (लागत अनुमान सहित)
  - तालिम(भएमा) अनुभव प्रमाणपत्र/
  - समूह दर्ता प्रमाणपत्र(समूह भएमा)

**८. छनोट तथा मूल्यांकनः**

(१) नगर प्रमुख ज्यूको संयोजकत्वमा ५ सदस्यीय छनौट समिति गठन गरिनेछ।

- नगर प्रमुख — संयोजक
- नगर उप प्रमुख — सदस्य
- प्रमुख प्रशासकीय अधिकृत — सदस्य
- कृषि विकास शाखा प्रमुख — सदस्य
- पशुसेवा शाखा प्रमुख — सदस्य

(२) अनुसूची-२ बमोजिम १०० पूर्णाङ्कमा मूल्यांकन गरिनेछ । न्यूनतम ५० अंक आवश्यक पर्नेछ ।

मूल्यांकनका आधारहरूः

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

पदम बहादुर बोहरा
नगर प्रमुख

CS CamScanner

- प्रस्तावको सम्भाव्यता
- आवेदकको अनुभव तथा प्रतिबद्धता
- रोजगारी सिर्जना सम्भावना
- लक्षित वर्ग समावेशिता

(३) आवश्यक परे स्थलगत अनुगमन गरिनेछ।

(४) छनौट सूची सार्वजनिक गरिनेछ।

**९. सम्झौता:**

छनोट भएका लाभग्राहीसँग अनुसूची–३ बमोजिम सम्झौता गरिनेछ।

**१०. अनुगमन तथा मूल्यांकन:**

सम्बन्धित शाखाबाट नियमित अनुगमन गरिनेछ। अनुगमन फाराम अनुसूची–४ बमोजिम हुनेछ।

**११. प्रगति प्रतिवेदन:**

लाभग्राहीले त्रैमासिक रूपमा अनुसूची–५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्नेछ।

**१२. अनियमितता तथा कारवाही:**

अनुदान दुरुपयोग भएमा प्रचलित कानून बमोजिम असुल उपर गरिनेछ।

**१३. बाधा अड्काउ फुकाउने अधिकार:**

यस कार्यविधि कार्यान्वयनमा समस्या आएमा नगर कार्यपालिकाले निर्णय गर्नेछ।

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

पदम बहादुर बोहरा
नगर प्रमुख

अनुसूची–१
(आवेदन फाराम)

मिति : २०८  ।  ।

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू
मंगलसेन नगरपालिकाको कार्यालय
मंगलसेन,अछाम ।

<u>विषय: आवेदन पेश गरेको बारे ।</u>

महोदय,
उपरोक्त विषय सम्बन्धमा तहाँ कार्यालयको मिति २०८  ।  । गतेको प्रकाशित नव युवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रममा कार्यक्रम संचालन गर्न तपसिलका कागजात सहित आवेदन पेश गर्दछु ।

<u>निवेदक</u>
नाम:
ठेगाना:
नागरिकता नं:
संचालन गर्ने व्यवसाय प्रकार:
कुल लागत :
स्वलगानी:
माग अनुदान:
हस्ताक्षर:

पदम बहादुर बोहरा
नगर प्रमुख

मङ्गलसेन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

## अनुसूची–२
### (मूल्यांकन फाराम - पूर्णाङ्क १००)

| क.सं. | मूल्यांकन आधार | अंक |
|---|---|---|
| १ | परियोजनाको सम्भाव्यता | ३० |
| २ | अनुभव/तालिम | २० |
| ३ | स्वलगानी | १५ |
| ४ | रोजगारी सिर्जना | १५ |
| ५ | लक्षित वर्ग | १० |
| ६ | पूर्वाधार | १० |
| | जम्मा | १०० |

मूल्यांकन गर्ने कर्मचारीको

| क स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

पदम बहादुर बोहरा
नगर प्रमुख

मङ्गलसेन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

अनुसूची–३

(अनुदान सम्झौता ढाँचा)

नव युवा लक्षित अनुदान कार्यक्रम सञ्चालन सम्झौता-पत्र

मंगलसेन नगरपालिका पशु सेवा शाखा को आ.व. २०८२।८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा नव युवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालन गर्नका लागि मिति २०८२।...।....गते प्रकाशित सूचना मुताविक पेश हुन आएका प्रस्तावहरु मध्ये यस मंगलसेन नगरपालिकाको मिति २०८२।...।.....गतेको मंगलसेन नगरपालिकाको नव युवा लक्षित अनुदान मुल्यांकन समितिको निर्णयबाट श्री............... (.................) को प्रस्ताव छनौट भएको हुदाँ मंगलसेन नगरपालिका (यस अघि प्रथम पक्ष भनिने) श्री ................. (.....................) (यस पछि दोश्रो पक्ष भनिने) का बिच तपशिल बमोजिमका शर्तहरु पालना गरि कार्यक्रम सञ्चालन गर्न मन्जुर भइ यो द्विपक्षिय सम्झौता गरिदियौ/लियौ ।

तपसिल

(१) नव युवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रम अछाम जिल्ला मंगलसेन नगरपालिका........नं. वडाको गाँउटोलमा मिति २०८३ साल........................गते सम्ममा सम्पन्न गरिनेछ ।

(२) प्रथम पक्षले नव युवा उद्यम विकास तथा स्वरोजगार कार्यक्रम सञ्चालनको लागि दोश्रो पक्षले पेश गरेको व्यवसाय योजना मुताविक निम्न बमोजिमका क्रियाकलापहरुका लागि अनुदान उपलब्ध गराउने छ ।

| क्र.स. | क्रियाकलाप विवरण | अनुमानित लागत रु. | प्रथम पक्षले व्यहोर्ने रु. | दोश्रो पक्षले व्यहोर्ने रु. |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

(३) प्रथम पक्षले अनुदान रकमबाट ३ प्रतिशत कन्टिजेन्सि वापत र नियामानुसारका आय कर कट्टा गरि बाकि रकम दोश्रो पक्षको बैङ्क खातामा भुक्तानी दिनेछ ।

(४) दोश्रो पक्षले स्वीकृत प्रस्ताव मुताविकको डिजाईन र लागत ईष्टिमेन्ट अनुसारका सम्पूर्ण कार्यहरु उच्च गुणस्तर कायम राखि निर्धारित समय भित्र सम्पन्न गर्नु पर्नेछ ।

(५) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक निर्माण सम्बन्धित डिजाईन, ईष्टिमेट, सुपरभिजन, रनिङ्ग बिल, अन्तिम बिल, र कार्य सम्पन्न प्रतिबेदन लगायतका सबै प्राबिधिक कार्यहरु तथा निर्माण,खरिद, ढूवानि, सञ्चालन र जग्गाको व्यवस्था आदि दोश्रो पक्षले गर्नेछ ।

(६) दोश्रो पक्षले सुरुमा आफनो लगानिबाट कार्य सुरुवात गरि सम्पन्न भएको कामको नेपाल सरकारबाट मान्यता प्राप्त प्राविधिकले तयार गरेको मेजरमेन्ट बुक, रनिङ्ग बिल, कार्य सम्पन्न प्रतिबेदन, नियामानुसारको भ्याट बिल र अन्य आवश्यक कागजात सहित भुक्तानीका लागि पेश गरे पश्चात प्रथम पक्षले स्थलगत प्राविधिक प्रतिबेदनको आधारमा मनासिव ठहरे बढिमा २ किस्तामा अनुदान रकम भुक्तानी गर्नेछ ।

(७) प्रथम पक्षले कुनैपनि समयमा संचालित कार्यको अनुगमन/निरीक्षण गरि सम्झौता मुताविक कार्य भए/नभएको अनुगमन गर्न र आवश्यक सुझाव दिन सक्नेछ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

CamScanner

(८) कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चात सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दिगोपनाको लागि गरिने कार्यहरु तथा अप्रत्याशिल रुपमा श्रृजित सबै प्रकारका दायित्व र जिम्मेवारि दोश्रो पक्षको हुनेछ ।

(९) दोश्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरि अनिवार्य रुपले कार्यक्रमको नाम,ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित होडिङ्ग बोर्ड सबैले देख्ने गरि राख्नु पर्नेछ ।

(१०) दोश्रो पक्षले नियमित रुपमा (कम्तिमा मासिक अवधिको) कार्यक्रमको प्रगति, उपलब्धि तथा कारोवार सम्वन्धि विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनु पर्नेछ ।

(११) कार्यक्रम सञ्चालनका दौरानमा कुनै कुरा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमतिमा हुनेछ ।

(१२) सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा यसै कार्यविधि र प्रचलित कानुन बमोजिम हुनेछ ।

(१३) प्रथम पक्षले सम्झौता मुताविकको काम नभै रकम दुरुपयोग हुन सक्ने देखेमा एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिएमा एक पक्षिय रुपमा सम्झौता भंग गर्ने र हिनामिना भए बराबरको रकम सरकारि बाँकि सरह असुल उपर गर्न सक्नेछ ।

| <u>दोश्रो पक्षका तर्फबाट</u> | <u>प्रथम पक्षका तर्फबाट</u> |
|---|---|
| हस्ताक्षर : | हस्ताक्षर : |
| नाम : | नाम : |
| पद : | पद : प्रमुख प्रशासकिय अधिकृत |
| कार्यालय : | कार्यालय : मंगलसेन नगरपालिका अछाम |
| कार्यालयको छाप : | कार्यालयको छाप : |

<u>रोहवर</u>

हस्ताक्षर :

नाम :

पद :

कार्यालय : मंगलसेन नगरपालिका पशु सेवा शाखा

कार्यालयको छाप :

इति सम्बत २०८ ....साल.........महिना .......गते रोज........शुभम् ।

मङ्गलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मङ्गलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

पदम बहादुर बोहरा
नगर प्रमुख

अनुसूची–४

(अनुगमन फाराम)

व्यवसायीको नाम थर :

ठेगाना:

नागरिकता नं:

संचालन गर्ने व्यवसाय प्रकार:

कुल लागत :

स्वलगानी:

माग अनुदान:

अनुगमन मिति:

व्यवसाय अवस्था:

लगानी प्रयोग अवस्था:

सिफारिस:

अनूगमन गर्ने कर्मचारी/ जनप्रतिनिधिको विवरण

| क स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

मङ्गलसेन नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मङ्गलसेन, अछाम
सुदूरपश्चिम प्रदेश, नेपाल

पदम बहादुर बोहरा
नगर प्रमुख

## अनुसूची–५
### (प्रगति प्रतिवेदन ढाँचा)

व्यवसायीको नाम थर :

ठेगाना :

नागरिकता नं:

संचालन गर्ने व्यवसाय प्रकार:

कुल लागत :

स्वलगानी:

माग अनुदान:

प्रतिवेदन अवधि:

उत्पादन विवरण:

बिक्री विवरण:

रोजगारी अवस्था:

समस्या तथा सुझाव:

प्रगति प्रतिवेदन बुझाउनेको हस्ताक्षर

पदम बहादुर बोहरा
नगर प्रमुख

CS CamScanner